# *संयुक्त प्रेस वक्तव्य*

बुधावार, २०६७ मङ्सिर २२

*राष्ट्रिय दलित आयोग र उच्चायुक्तको कार्यालय-नेपालद्वारा छुवाछुत विधेयकमाथिका टिप्पणीहरू सार्वजनिक*
**विधेयकको मस्यौदा तथा यसलाई संसदमा पेस गर्ने प्रक्रियाका सम्बन्धमा राष्ट्रिय दलित आयोग, उच्चायुक्तको कार्यालय-नेपालद्वारा चिन्ता व्यक्त**

*काठमाडौं* – मानवअधिकार दिवसको अवसरमा राष्ट्रिय दलित आयोग (आयोग) र मानवअधिकार उच्चायुक्तको कार्यालय–नेपालद्वारा "छुवाछुत विधेयकका सम्बन्धमा आयोग र उच्चायुक्तको कार्यालय-नेपालद्वारा गरिएका टिप्पणीहरू" शीर्षकको *जातीय भेदभाव तथा छुवाछुतको कसुर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक*माथि गरिएको विश्लेषण आज सार्वजनिक गरियो।

आयोग र उच्चायुक्तको कार्यालय-नेपालले यस दस्तावेजमा मस्यौदा विधेयकको मुल्याङ्कन गर्दै व्यवस्थापिका-संसद र अन्य सम्बद्ध पात्रहरूलाई प्रस्तावित विधेयकलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानअवधिकारका मापदण्डअनुरूप बनाउन सिफारिसहरू गरेका छन्।

अविभेद र समानता मानवअधिकारका प्रमूख सिद्धान्तहरू हुन् र नेपाल *सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि*को पक्ष राष्ट्र हो। यस महासन्धिले, अन्य कुरामध्ये, सरकारलाई जातीय विभेदलगायत वंशजका आधारमा गरिने विभेदलाई निषेध गर्न बाध्य गर्दछ। नेपालको अन्तरिम संविधान र अन्य कानुनले पनि जातीय विभेद र छुवाछुतलाई निषेध गरेका छन्। मस्यौदा विधेयकले जातीय विभेद र छुवाछुतमा आधारित फौजदारी कसुरहरूको प्रभावकारी अभियोजन सुनिश्चित गर्न हालका कानुनहरूमा भएका कमीलाई पूरा गर्नुपर्दछ र पीडितका लागि क्षतिपूर्ति सुनिश्चित गर्नुपर्दछ। खासगरी पीडितहरूका लागि प्रभावकारी उपचार सुनिश्चित गर्न अत्यावश्यक पर्ने उपायको रूपमा हरेक कसुरको गम्भीरताअनुरूपको उपयुक्त दण्डसजाय तथा हदम्यादसम्बन्धी प्रावधानलाई समावेश गर्न यो विधेयकलाई परिमार्जन गरिनुपर्दछ ।

*"जातीय भेदभाव तथा छुवाछुतको कसुर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'*को मस्यौदा व्यवस्थापिका-संसदमा पेस गर्ने कार्यलाई हामी एउटा सकारात्मक अग्रगामी कदमका रूपमा स्वागत गर्दछौं, जसले नेपाली कानुनहरूलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको बनाउन अवसर प्रदान गर्दछ," आयोग र उच्चायुक्तको कार्यालय-नेपालद्वारा आज जारी गरिएको संयुक्त प्रेस वक्तव्यमा भनिएको छ। "यी कमीकमजोरीहरू सुधार गरिएमा प्रस्तावित कानुन नेपालमा गहिरो जरा गाडेर रहेको जातीय विभेद र छुवाछुतका अभ्यासहरूलाई रोक्न एक प्रमुख साधन बन्न सक्नेछ," सयुक्त वक्तव्यमा भनिएको छ।

“तर, हामी विधेयकको मस्यौदा तथा यसलाई पेस गर्ने प्रक्रिया सरोकारवालाहरू तथा सर्वसाधारणसँगको अर्थपूर्ण परामर्शमा आधारित हुनुपर्छ भन्ने कुरामा जोड दिन्छौं,” राष्ट्रिय दलित आयोगका अध्यक्ष बिजुलकुमार विश्वकर्मा तथा उच्चायुक्तो कार्यालय-नेपालका अफिसर इन्चार्ज एन्थोनी कार्डनले भन्नुभयो। “राष्ट्रिय दलित आयोग तथा उच्चायुक्तको कार्यालय-नेपालले व्यवस्थापिका-संसद तथा नेपाल सरकारलाई सम्बन्धित सरोकारवालाका विचारहरू लिनका लागि मस्यौदा विधेयकको विषयवस्तु सार्वजनिक गर्न तथा तिनका सरोकार तथा सिफारिसहरूलाई मस्यौदा विधेयकमा समावेश गर्न आग्रह गर्दछ,” वक्तव्यमा थप भनिएको छ।


Office of the High Commissioner for Human Rights
Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org
For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937

National Dalit Commission, Nepal
Tel: +977 1 4479828
Website: http://www.ndc.gov.np
Jeevan Pariyar
Email: info@ndc.gov.np
Mobile: 9841 385211